JMC Research Journal
Vol.14, No. 1
DOI: https://doi.org/10.3126/jmcrj.v14i1.92838

# महाकालीको तिस घण्टा र शोकमग्न यात्रीहरु निबन्धमा नवउपनिवेशवादको प्रतिरोध

**डा.बिन्दु शर्मा**
उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
bindu2033@gmail.com
https://orcid.org/0009-0008-5093-1416

## लेखसार

*प्रस्तुत लेख नारायण ढकालको 'महाकालीको तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्धको नवउपनिवेशवाद विरोधी चेतना विश्लेषणमा आधारित छ । यसमा मूल समस्याको समाधानका लागि निबन्धमा प्रकटित विकासका पूर्वाधार निर्माणमा भारतीय हस्तक्षेप, भारतसँगको नेपालको परनिर्भरता, सन्धिसम्झौताहरूको कार्यान्वयनमा भएको विभेद र सीमा अतिक्रमणको आलोचना जस्ता प्रतिमानको उपयोग गरिएको छ । प्रस्तुत लेखको सैद्धान्तिक ढाँचाको मूल आधार नवउपनिवेशवादी अध्ययनअन्तर्गत एड्वार्ड सइदको 'कल्चर यान्ड इम्पेरियलिजम्' (१९९४) कृतिमा प्रस्तुत सिद्धान्त रहेको छ । नवउपनिवेशवाद आर्थिक र राजनीतिक पक्षसँग सम्बन्धित स्वतन्त्र राष्ट्र र त्यसको भूराजनीतिसम्बद्ध विषय रहँदारहँदै पनि नवउपनिवेशवादलाई उत्तरऔ पनिवेशिक समालोचनाअन्तर्गत अन्तरविषयक समालोचना पद्धतिका रूपमा साहित्यले सहजै अङ् गीकार गरेको छ । समालोचनाका क्षेत्रमा नवउपनिवेशवाद विरोधी चेतना विकसित र शक्तिसम्पन्न देशको आर्थिक र राजनीतिक क्रियाकलापका कारणबाट अल्पविकसित देशमा पर्ने प्रभाव र त्यसले निम्त्याएको परनिर्भरताका आधारमा कृतिको विश्लेषण गर्ने सिद्धान्त हो । यसले साहित्यिक पाठमा रहेका विकसित राष्ट्रको प्रभुत्वको आशय, राज्यको नवउपनिवेशवादी संस्कृति, राज्य राज्यका बिचको आर्थिक अन्तर्सम्बन्ध जस्ता पक्षहरूको खोजी गरी तिनको प्रयोजनपरक ढङ्गले विश्लेषण गर्ने काम गर्दछ । 'महाकालीको तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्धको नवउपनिवेशवाद विरोधी चेतनाविश्लेषणअन्तर्गत यस आलेखमा विकासका पूर्वाधार निर्माणमा भारतीय हस्तक्षेप, भारतसँग नेपालको परनिर्भरता, सन्धिसम्झौताहरूको कार्यान्वयनमा भएको विभेद र सीमा अतिक्रमणको आलोचना विश्लेषणका माध्येमबाट नवउपनिवेशवाद विरोधी चेतना पहिचान गरिएको छ । प्रस्तुत निबन्धमा नेपालमाथिको भारतीय नवउपनिवेशवादी नीतिको उद्घाटन, त्यसको तथ्यपरक र आलोचनात्मक प्रसार एवम् वैचारिक सहमतिका लागि अवलम्बन गरिएका संवेदनशील राजनीतिक तर्कको सौन्दर्यपरक अभिव्यक्तिले पनि नवउपनिवेशवाद प्रतिरोधी चेतना प्रकटीकरणका कोणबाट यो निबन्ध प्रभावकारी रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जीः** अल्पविकसित, आर्थिक परनिर्भरता, औपनिवेशिक, नवउपनिवेश, साम्राज्यवाद, सार्वभौमसत्ता ।

## विषयपरिचय

नवउपनिवेशवाद (नियोकोलोनियलिजम्) भनेको शक्तिशाली र विकसित राष्ट्रबाट तुलनात्मक रूपले कम शक्तिशाली र अल्पविकसित राष्ट्रमाथि हुने नियन्त्रणात्मक व्यवहार हो । यो अवधारणा आर्थिक अनुदान एवम् विभिन्न किसिमका सहयोगका बहानामा कमजोर राष्ट्रमा आर्थिक साम्राज्य विस्तार गर्ने रणनीतिमा आधारित छ । यसले कमजोर देशको अर्थतन्त्रलाई नियन्त्रणमा लिई उसलाई आफ्नो प्रभुत्वमा राख्ने गर्दछ । त्यसैले अल्पविकसित र कमजोर राष्ट्रहरू राजनीतिक रूपले स्वतन्त्र रहे पनि आर्थिक रूपले चाहिँ परनिर्भर रहन्छन् ।

कमजोर प्रतिव्यक्ति आय, असमान विनिमय दर, कच्चा पदार्थमाथिको नियन्त्रण, स्वदेशी सामानको मागमा कटौती एवम् पुँजी निर्यातका कारण यसमा कमजोर राष्ट्र अप्रत्यक्ष रूपले शक्तिसम्पन्न राष्ट्रको निर्देशन पालना गर्न बाध्य भएको हुन्छ । त्यसैले राजनीतिक रूपले स्वतन्त्र तर आर्थिक सहायताका लागि परनिर्भर राष्ट्र स्वतन्त्र विदेशनीति पालना गर्न सक्षम रहँदैन र उसमा साम्राज्यवादी हतियारका रूपमा रहेका वित्तीय संस्थाहरूलाई लगानीका लागि आह्वान गर्ने, उनीहरूको सर्त पालना गर्ने, कार्खाना र संस्थानहरू निजीकरण गर्नुपर्ने, नमानेमा सत्ताबाट विस्थापित हुनुपर्नेलगायतका दबाबयुक्त प्रवृत्तिहरू विद्यमान हुन्छन् । यसरी देशको आर्थिक प्रणाली र राजनीतिक नीति बाहिरबाट निर्देशित रहने भएकाले नवउपनिवेशवाद देशभित्र भएको विदेशीहरूको आर्थिक, बौद्धिक तथा भौतिक नियन्त्रणको नयाँ रूप हो । यो दोस्रो विश्वयुद्धपछि आर्थिक रूपले क्षतविक्षत भएका शक्तिराष्ट्रहरूले आफ्नो अर्थव्यवस्था सुधार गर्नका लागि गरिएको प्रयासको महत्त्वपूर्ण पाटो हो र यसले कमजोर राष्ट्रमाथिको नियन्त्रण र शोषणद्वारा आफूले लाभ लिने रणनीतिलाई केन्द्रमा राखेको हुन्छ ।

स्वतन्त्रताको चाहना एवम् विग्रँदो समकालीन परिस्थितिप्रतिको आलोचनात्मक अभिव्यक्तिसँगै सुरु भएको समसामयिक चरण (२०३६ देखि हालसम्म) को नेपाली निबन्धलेखन राजनीतिक आयाममा पनि विस्तारित हुँदै आएको छ । तिनमा आम नागरिकका जनजीविकाको सवालसँगै राज्यको स्वाधीनता, सार्वभौमसत्ता तथा राष्ट्रिय अखण्डता जस्ता राजनीतिसम्बद्ध सन्दर्भहरूको वास्तविकता र जनचासो आलोचनात्मक रूपमा प्रकट भइरहेको छ । त्यसैले राज्यको गैरजिम्मेवार चरित्रका कारण देशभित्रै चरम शोषणको मारमा परेका नागरिकको दैनिकीलाई नेपालमाथि बढ्दै गएको भूराजनीतिक प्रतिद्वन्द्विताले झनै कष्टकर बनाउँदै ल्याएको अवस्थाको तार्किक विश्लेषणमा आधारित निबन्धलेखनको पनि घनत्व बढ्दै गएको हो । नारायण ढकालको 'महाकालीको तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्ध शोकमग्न यात्रीहरू (२०५६) कृतिमा सङ्कलित छ । यसमा नेपाल भारतीय नवउपनिवेशमा रूपान्तरित हुँदै गएको अवस्थाप्रतिको चिन्ता र चासोलाई आलोचनात्मक अभिव्यक्ति दिने क्रममा नवउपनिवेशवाद विरोधी चेतना प्रकट भएको छ । राजनीतिक रूपले सचेत लेखकले यात्राका क्रममा देखेको पश्चिम नेपालको सामाजिक जनजीवन, प्राकृतिक वस्तुस्थिति एवम् भूराजनीतिक सम्बन्धको सूक्ष्मतालाई यसमा उद्घाटन गरेका छन् । त्यसैले उनले भारत र नेपालको समसामयिक राजनीतिक सम्बन्धसँगै महाकाली नदीमा बनेको शारदा बाँधका सम्बन्धमा चन्द्रशमशेर कालीन ऐतिहासिक पृष्ठभूमिलाई पनि खोतलेका हुन् । प्रस्तुत निबन्धमा काठमाडौँ केन्द्रित राजनीतिक पार्टीहरूले महाकाली सन्धि पारित गर्दा देखाएको संसदीय जात्रा एवम् त्यसका आधारबाट गरेको सत्तारोहणको कुटिलता देखेभोगेका लेखकले शारदा बाँधको स्थलगत अध्ययन गरेपछि सन्धिका क्रममा चुकेको राज्यको निरीहता र त्यहाँका स्थानीयहरूको जनजीवनमा रहेको भारतको प्रभुत्वशाली रवैयाले सिर्जना गरेको सङ्कट चित्रणमा नवउपनिवेशवाद प्रतिरोधी चेतना सबल बनेको छ । ढकालको शोकमग्न यात्रीहरू कृतिको भूमिकामा लुइँटेल (२०५६) ले प्रस्तुत निबन्ध नेपालको पश्चिमी सीमानदी महाकालीमा शारदा ब्यारेज र टनकपुर बाँधक्षेत्रमा भारतीय शासकहरूले नेपाललाई ठाडै ठगीमा पारेका दृश्यहरूलाई अनुभूतिको सघनतासहित प्रस्तुत गर्न सक्षम रहेको बताएका छन् तर यसमा निबन्धले देखाएको नवउपनिवेशवादी स्वरूप र त्यसको प्रतिरोधी चिन्तनको भने विश्लेषण गरिएको छैन । अतः ढकालको 'महाकालीका तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्धमा राजनीतिक सन्दर्भमा नवउपनिवेशवाद प्रतिरोधी चेतनाको उद्घाटन के कसरी गरिएको छ भन्ने जिज्ञासा यस अनुसन्धानमा रहेको थियो र सोही जिज्ञासा समाधान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको छ । 'महाकालीका तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्धमा भारतीय निर्देशन पालना, नेपालको भारतीय परनिर्भरता, सीमा समस्याको विद्यमानता तथा सन्धिमा एकपक्षीयता रहेको वास्तविकताको तार्किक अभिव्यक्ति रहेकाले नवउपनिवेशवादी समालोचनाका आधारबाट यस निबन्धको विश्लेषण गर्नु उपयुक्त रहेको देखिन्छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिमा आधारित छ । यसमा प्राथमिक सामग्रीको सङ्कलन नारायण ढकालको 'महाकालीको तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्धमा प्रकटित नवउपनिवेशवाद विरोधी क्रियाकलाप, भारतसँग परनिर्भर रहेको नेपालका पूर्वाधारविकासका कार्य, भारतको नेपालप्रतिको व्यवहार र चिन्तनलाई प्रस्तुत गर्ने आलोचनात्मक अभिव्यक्तिका रूपमा रहेका सन्दर्भहरूबाट गरिएको छ। यसरी सामग्री लिँदा नवउपनिवेशवाद विरोधी चेतना विश्लेषणका निम्ति उपयुक्त प्रसङ्गमा मात्र सोद्देश्यमूलक नमुना छनोट पद्धति प्रयोग भएको छ। यस अध्ययनमा द्वितीयक सामग्रीका रूपमा निबन्धमा नवउपनिवेशवाद विरोधी चेतना विश्लेषणका लागि आवश्यक सैद्धान्तिक ग्रन्थ, निबन्धविश्लेषणका आधार भएका अनुसन्धानात्मक लेख र समालोचनात्मक लेख उपयोग गरिएको छ भने समस्या समाधानका लागि मूलतः पाठविश्लेषणको पद्धति उपयोग गरिएको छ । निबन्धमा प्रकटित नवउपनिवेशवाद प्रतिरोधी चेतनालाई विकासका पूर्वाधार निर्माणमा भारतीय हस्तक्षेप, भारतसँगको नेपालको परनिर्भरता, सन्धिसम्झौताहरूको कार्यान्वयनमा भएको विभेद र सीमा अतिक्रमणको आलोचनात्मक विश्लेषणमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ ।

## विश्लेषणको सैद्धान्तिक ढाँचा

राजनीतिक रूपले शक्तिशाली मानिएका विकसित देशबाट विकासोन्मख देशको आन्तरिक मामलामा गरिने हस्तक्षेपलाई नवउपनिवेशवाद भनिन्छ । यो साम्राज्यवादी मुलुकले दोस्रो विश्वयुद्धपछि औपनिवेशिक दासताबाट मुक्त भएका देशहरूमाथि शोषण गर्नका लागि अपनाएको नयाँ साम्राज्यवादी तरिका हो (सार्त्र, सन् २००६, पृ. १३९) । त्यसैले यो कम विकसित देशमाथि विकसित देशको घुमाउरो जालझेल, प्रलोभन तथा नियन्त्रणका विविध आयाममा विस्तारित भएको छ। उपनिवेशबाट मुक्त भएका देशहरू र अल्पविकसित देश आर्थिक विकास गर्न सबल नभइसकेको अवस्थाको फाइदा उठाउँदै विकसित देश आर्थिक सहायताका नाममा ती देशको अर्थव्यवस्थामा आफ्नो नियन्त्रण कायम गर्न सफल भए र बिस्तारै बिस्तारै ती देशलाई आफूमाथिको आर्थिक परनिर्भरताको जालमा पार्दै ल्याएका हुन् (सइद, सन् १९९४, पृ. १२) । यसरी कमजोर देशमाथि आफ्नो वर्चस्व कायम राखिरहनका लागि अपनाइएको आर्थिक साम्राज्यवादी सोचको व्यावहारिक रूप नै नवउपनिवेशवाद हो । अझ अविकसित देशको स्तर उकास्ने नाममा विकसित देशले तय गर्ने परियोजना र विकासका मोडलमार्फत पनि नवउपनिवेशवाद सल्बलाउने गरेको छ (थपलिया, २०८०) । यसले आर्थिक रूपले पराधीन देशको शोषण गर्दै त्यसमाथि आफ्नो आधिपत्य कायम राखिरहन्छ । त्यसैले नवउपनिवेशवादमा कमजोर राष्ट्र अप्रत्यक्ष रूपले शक्तिसम्पन्न राष्ट्रको निर्देशन पालना गर्न बाध्य भएको हुन्छ। यस्तो स्थितिमा त्यो राष्ट्र प्रत्यक्षतः राजनीतिक रूपले स्वतन्त्र देखिन्छ तर आर्थिक सहायता, सैन्य र हतियारको सहयोग, विज्ञताको आपूर्ति, उत्पादनका क्षेत्र आदिमा आश्रित हुँदाहुँदै अप्रत्यक्ष रूपले राजनीतिक रूपमा पनि स्वतन्त्र रहँदैन (भाभा, सन् १९९४, पृ. ३१) । यसरी नवउपनिवेशवाद दोस्रो विश्वयुद्धले अर्थव्यवस्थामा पारेको असरका कारण औपनिवेशिक शासनको अन्त्य भएपछि साम्राज्यवादी देशले आफ्नो बिग्रिएको अर्थव्यवस्थालाई लयमा ल्याउन तथा स्वतन्त्र र कमजोर राष्ट्रमाथि आफ्नो नियन्त्रण कायम राखिरहनका लागि अपनाइएको उपनिवेशको नयाँ तरिका हो ।

नवउपनिवेशवादलाई परिभाषित गर्ने व्यक्ति क्वाम कुर्माह हुन् र उनले नियोकोलोनियलिजम् : द लास्ट स्टेज अफ इम्पेरियलिजम् (सन् १९६५) कृतिमा नवउपविशेवादलाई विस्तारवादको अन्तिम स्वरूप मानेका छन् । शीतयुद्धपछि विकसित भूमण्डलीकृत पुँजीवादको चरणमा नवउपनिवेशवादको विस्तार भई पुँजीको केन्द्रीकरणका लागि भूमण्डलीकृत उत्पादन प्रक्रियाका माध्यमबाट विश्वमा हस्तक्षेप र वर्चस्व बढाउँदै पुँजीवाद साम्राज्यवादको नयाँ स्वरूपमा प्रकट हुन थालेको हो । नवउपनिवेशका माध्यमबाट उत्पीडित राष्ट्रको

शोषण गर्ने र पुँजीका माध्यमबाट साम्राज्य खडा गर्ने अभीप्सामा यो सफल हुँदै पनि गएको छ (सार्त्र, सन् २००६, पृ. १४१) । पुँजीवादको यही नीतिअनुरूप पहिलो विश्व भनिने शक्ति राष्ट्रहरूबाट तेस्रो विश्वको नेपाल जस्तो गरिब मुलुकमाथि भइरहेका आर्थिक र राजनीतिक अतिक्रमणका घटनाहरूले नेपालमाथिको विकसित राष्ट्रको नवउपनिवेशवादी सम्बन्धलाई उद्घाटन गर्दछ । यस्तो सम्बन्धमा पुँजीवादी राष्ट्रहरूले तेस्रो विश्वको औद्योगिक कच्चा पदार्थ, प्राकृतिक स्रोत एवम् मानवीय संसाधनमाथि आधिपत्य कायम राख्नका लागि अपनाइने आर्थिक, राजनीतिक र सामरिक सहयोगका नाममा सञ्चालित नीति तथा कार्यक्रमहरू पर्दछन् (कुर्माह, सन् १९६५, पृ. ७) । यसले नवउपनिवेशवादको शोषणमा आधारित चरित्र स्पष्ट पार्छ ।

नेपाल-अङ्ग्रेज युद्ध (१८७१–७२) अघि र सुगौली सन्धि (१८७३) पछि नेपाल राजनीतिक दृष्टिले साम्राज्यवादी शक्तिको औपनिवेशिक दासताबाट मुक्त रहे पनि सुगौली सन्धिदेखि नै अङ्ग्रेजले नेपालीलाई आफ्नो सेनामा भर्ती गर्न थालेको र नेपाली युवाहरू अङ्ग्रेजको पक्षमा युद्ध लड्न पठाइएको अवस्था विचार गर्दा नेपाल साम्राज्यवादी मुलुकको चङ्गुलबाट बच्न सकेको देखिन्न । औपचारिक रूपमै नेपालको राणा सरकारले अङ्ग्रेजशासित भारतलाई नेपालका विभिन्न भेगमा वि.सं. १९४२ मै गोर्खा भर्ती केन्द्र खोल्ने स्वीकृति दिएको थियो । अहिले पनि भारतीय, बेलायती र सिङ्गापुरे सेनामा नेपाली युवाहरू भर्ती हुने क्रमले निरन्तरता पाइरहेकै छ भने रुस र युक्रेनका बिच युद्ध चर्किँदै गएको पछिल्लो समय आर्थिक प्रलोभनमा परेर रुसी र युक्रेनी सेनामा भर्ती हुन थालेका तथ्य पनि सञ्चार माध्यमबाट बाहिरिएका छन् । २००७ साल माघ १० गते नेपाल र आमेरिकाबिच भएको 'पोइन्ट फोर प्रोग्राम' सम्झौताअनुरूप अमेरिकाले नेपालमा आफ्नो नियोग युएसओएम स्थापना गरेर नेपालको विकासका निम्ति बाइस सय रुपियाँ सहयोग उपलब्ध गराए (पाठक, २ ९७४, पृ. ९३) पछि वैदेशिक सहायताका नाममा साम्राज्यवादी शक्ति नेपालको नीतिनिर्माणका तहसम्म निर्णायक भूमिकामा रहने प्रक्रिया प्रारम्भ भयो । फलस्वरूप नेपालमा बढ्दो कम्युनिस्ट प्रभावलाई रोक्ने, गरिब देशका स्रोतसाधन हत्याउने र आफ्नो बजार विस्तार गर्ने रणनीतिका साथ ऊ प्रत्यक्ष रूपले अगाडि आयो । पञ्चायत कालमा शक्तिराष्ट्रका एजेन्सीका साथै विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तरराष्ट्रिय मुद्रा कोष, संयुक्त राष्ट्र सङ्घ जस्ता संस्थाहरू नेपालको नीतिनिर्माणमा प्रत्यक्ष रूपले संलग्न हुन थाले । वै देशिक सहायतामा परनिर्भरता बढ्दै गएपछि राजनीति स्वतः साम्राज्यवादको नियन्त्रणमा जाने नै भयो । अतः कमजोर राष्ट्रलाई विभिन्न निहुँमा भौतिक-आर्थिक सहयोग गर्ने, ऋण-अनुदान दिने, सरकारी निकायलाई परामर्श दिने, प्रभावशाली कर्मचारी र राजनीतिज्ञलाई विदेशभ्रमणमा लैजाने, सरकारी नीतिनियममा आफ्ना एजेन्डाहरू लागु गराउने, अर्धसरकारी निकायको व्यवस्थापन जिम्मा लिने, सांस्कृतिक र भाषिक हस्तक्षेप गर्ने आदि विविध प्रकारले नेपालमाथि साम्राज्यवादी मुलुकको नवउपनिवेशवादी प्रभुत्व स्थापित गर्ने कार्य जारी नै छ । नारायण ढकालको 'महाकालीको तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्ध नेपालमाथिको भारतको नवउपनिवेशवादी व्यवहारको आलोचनात्मक अभिव्यक्तिमा केन्द्रित छ । प्रस्तुत निबन्धको नवउपनिवेशवाद प्रतिरोधी चेतनालाई यहाँ चारओटा उपकरणको उपयोग गरी विश्लेषण गरिएको छ– (१) विकासका पूर्वाधार निर्माणमा भारतीय हस्तक्षेप, (२) भारतसँगको नेपालको परनिर्भरता, (३) सन्धिसम्झौताहरूको कार्यान्वयनमा भएको विभेद र (४) सीमा अतिक्रमणको आलोचना ।

## नतिजा र विमर्श

नारायण ढकाल (२०१०) सामाजिक, सांस्कृतिक र राजनीतिक बेथितिका कारण उत्पन्न दुष्परिणाम, बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका सङ्गतिहीनता एवम् श्रमको सौन्दर्यलाई वर्गीय स्वरूपमा अभिव्यक्ति दिने समसामयिक निबन्धकार हुन् । २०४३ सालदेखि पत्रकारिताका क्षेत्रमा पनि उल्लेखनीय संलग्नता देखाएका उनी वामपन्थी राजनीतिमा पनि संलग्न छन् (ढकाल, २०५६क, पृ. १०४) । उनको शोकमग्न यात्रीहरू

(२०५६) कृतिमा तीसको दशकको प्रारम्भदेखि पचासको दशकको आधाआधीसम्मको समयावधिका विविध अनुभूतिमा आधारित एघार ओटा निबन्धहरू सङ्गृहीत छन् । वामपन्थी राजनीतिभित्रका विचलन र अन्तर्द्वन्द्व एवम् नेपाल र भारत बिचका शक्तिसम्बन्धका विविध आयामलाई केन्द्रमा राखेर निबन्ध लेखेका ढकालको नवउपनिवेशवाद विरोधी चेतनाको सघन प्रस्तुति रहेको प्रस्तुत सङ्ग्रहको 'महाकालीका तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्ध नेपाल र भारतका बिचको महाकाली सन्धि (२०५४) पारित भएपछि गरिएको सन्धिप्रभावित क्षेत्रको यात्रा र अवलोकनमा केन्द्रित छ । यसमा नेपालको नेतृत्वको अकर्मन्यता एवम् हरेक क्षेत्रमा बढ्दै गएको भारतको प्रभुत्वशाली हस्तक्षेपको आलोचना गर्ने क्रममा नवउपनिवेशवाद विरोधी चेतना प्रकट भएको छ । यसमा नेपालको आन्तरिक मामिलामा भारतले गरेको हस्तक्षेप, जलस्रोतको धनी भएर पनि विद्युतमा देखिएको भारतीय परनिर्भरता, सीमा क्षेत्रमा कायमै रहेको विवाद तथा ठुला नदीहरूमा निर्माण गरिएका बाँधसम्बन्धी सम्झौतामा भारतीय स्वार्थ हावी भएको सन्दर्भको तार्किक प्रस्तुति रहेको छ ।

## विकासको पूर्वाधार निर्माणमा भारतीय हस्तक्षेप

लामो समयसम्म अल्पविकसित राष्ट्रका रूपमा रहेको नेपाल हाल विकसित राष्ट्रमा दरिने स्थितिमा आइपुगेको छ । तथापि यसका आफ्नै सीमा र बाध्यताहरू भने यथावत नै छन् । अहिलेको सतहत्तर ओटै जिल्ला सडक सञ्जालसँग जोडिएको तथा दैनिक अठार घण्टा लोडसेडिङ भोग्नुपर्ने स्थितिबाट भारत र बङ्गलादेशमा विद्युत निर्यात गर्ने अवस्थासम्म आइपुग्नका लागि देशले वैदेशिक ऋण र अनुदानबाट प्राप्त ठुलो धनराशी पूर्वाधार निर्माणमा खर्च गरेको छ । पूर्वाधार विकासमा गरिएको यस्तो लगानी प्राप्त गर्नका लागि तेर्छ्याइएका दाताहरूका सर्तहरूको पालनाको प्रभाव पनि यसले बेहोर्दै आएको छ । भारत नेपाललाई आर्थिक सहयोग उपलब्ध गराउने राष्ट्रहरूमध्ये आग्रस्थानमै पर्दछ । त्यसैले पनि उसले नेपालका सडक, पुल तथा जलविद्युत आयोजना निर्माणमा गरिने लगानी, हतियार खरिद जस्ता हरेक कुरामा हस्तक्षेप गर्ने र आफ्नो प्रभुत्व लादेर नेपालका विकास कार्यलाई प्रभावित गर्दै आएको हो । प्रस्तुत निबन्धमा समयमै बाटो नबन्दा यात्रुहरूले भोग्नुपरेको कष्ट र यात्रामा हुन गएको विलम्बको वर्णनबाट नवउपनिवेशवाद विरोधी चेतना उद्घाटन भएको छ । ढुङ्गेनी, उबडखाबड र कच्ची बाटोमा यताउता झट्कारिँदै निकै मन्द गतिमा अघि बढिरहेको जिप यात्रामा लेखकले गरेको प्रश्नको जवाफका क्रममा निबन्धमा आएको चालकको भनाइले यही वास्तविकतालाई सङ्केत गरेको छ– "अब अत्तरिया नपुगुन्जेल लगभग यस्तै हो । बिच बिचमा बिस बाइसओटा पुलहरू बन्दै छन् । पहिले यो खण्डको ठेक्का चीनले पाएको थियो । भारतले विरोध गरेपछि ठेक्का रद्द भयो । गोलमालकै कारणले गर्दा बाटो र पुल बनाउन ढिलो भएको हो" (पृ. ३३) । यसमा कर्नाली चिसापानीदेखि अत्तरियाबिचको सडकका पुलनिर्माणको ठेक्का चिनियाँ कम्पनीलाई दिएकै कारण भारतले आपत्ति जनाउनु र नेपालले ठेक्का रद्द गर्नु राजनीतिक रूपले स्वतन्त्र राष्ट्रका लागि शोभनीय कुरा होइन । यसबाट एकातिर नेपालमाथि भारतको आर्थिक प्रभुत्व भारी हुँदै गएको देखिन्छ भने अर्कातिर नेपाल भारतको अनुमति नलिई आफ्नो देशभित्र कुनै पनि किसिमका कार्य गर्न सक्ने अवस्थामा नरहेको पनि प्रस्ट हुन्छ । यहाँ अनुदान रकम उपलब्ध गराएकै कारण भारत नेपालमाथि आधिपत्य कायम राख्न सफल भएको हो भने आर्थिक रूपले पराधीन भएकै कारण नेपाल भारतको निर्देशन मान्न बाध्य भएको हो । यसरी विस्तारवादी चिन्तनका साथ भारतले नेपालमा सहयोग गर्ने बहानामा आफ्नो पुँजीवादी आर्थिक प्रणालीसहितको नवउपनिवेशवादी रणनीति घुसाउने अवसर पायो, जसका कारण नेपाल छिमेकी राष्ट्र भारत र चीनसँग स्वतन्त्र विदेश नीति अवलम्बन गर्न पनि सक्षम नरहेको स्थितिमा पुगेको कुरालाई निबन्धले प्रस्ट पारेको छ ।

## भारतसँग नेपालको परनिर्भरता

नेपाल खाद्यान्न, लत्ताकपडा र निर्माण सामग्री जस्ता आधारभूत कुराहरूमै भारतसँग परनिर्भर रहेको अवस्था छ । उद्योगघन्दा स्थापना हुन नसक्नु तथा कृषि उत्पादनका लागि आवश्यक पर्ने बिउ र मलमा पनि विदेशीकै मुख ताक्नुपर्ने अवस्थाले यसको परनिर्भरता बढ्दै गएको हो । यस्तो स्थितिमा आर्थिक योजना तर्जुमा र कार्यान्वयनमा छिमेकीको हस्तक्षेप बढ्दै जानु कुनै अस्वाभाविक कुरा नै भएन । चीनका तुलनामा भौगोलिक र सामाजिक सुगमता रहेका कारण नेपालको आर्थिक कारोबार भारतसँग बढी हुने गरेको छ । त्यसैले परनिर्भरता पनि भारतसँगकै बढी रहन गएको हो । प्रस्तुत निबन्धमा जलविद्युतमा रहेको भारतीय परनिर्भरता यसरी उजागर गरिएको छ :

» हामी पुग्दा त्यो सानो बजार लालटिन र मइनटोलबाट निस्केको मधुरो उज्यालोले छोपिएको थियो । ....हामी जुन होटलमा पुग्यौँ, त्यहाँ बिजुली थियो । डल्ला चिम र ट्युबलाइटहरू बलिरहेका थिए । पछि थाहा भयो- बिजुली गएकाले जेनरेटर चलाइएको रहेछ ।

» “यहाँ बल्ने बिजुली भारतबाट ल्याइएको हो । भारतमा दिनको पच्चिसपल्ट बिजुली निभ्छ । त्यसैको असर यहाँ पनि पर्छ ।” (पृ. ३४)

जलविद्युत उत्पादनको सम्भावनाका दृष्टिले नेपाल विश्वकै दोस्रो सम्पन देशमा दरिए पनि आर्थिक योजना र लगानीको अभावका कारण केही समयअघि मात्र नेपाली नागरिकले अठार घण्टासम्म लोडसेडिङ भोग्दै आएका थिए । सुगम क्षेत्रमा प्राप्त हुने चार घण्टे विद्युत् सुविधाका लागि पनि भारतसँगै भर पर्नुपर्ने अवस्था थियो । यसका साथै “पञ्चेश्वरको सपना देखाएर टनकपुरमा भारतीय स्वार्थको पुनः अनुमोदन किन गरियो ? बन्दै नबन्ने पञ्चेश्वर बाँध र खरबौँको आम्दानीको झुटो आश्वासन देखाएर किन यसलाई स्वीकृति दिइयो ?” (पृ. ४०) भन्ने यस निबन्धमा उठाइएका सवालले पनि ठुला जलविद्युत् आयोजना निर्माणमा नेपालले भारतको मुख ताकेको अवस्थालाई प्रस्ट पारेका छन् ।

महाकाली नदी बग्ने पहाडी क्षेत्रमा विशाल बाँध निर्माण गरी ५००० मेघवाटभन्दा बढी विजुली उत्पादन गरेर दुवै देशले आधाआधा उपयोग गर्ने, दुवै देशका लाखौं हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यसहित नेपालमा सन् १९८८ मा पञ्चेश्वर बहुद्देश्यीय परियोजना कार्यालय नै स्थापना गरिएको थियो । सन् १९९६ को नेपाल भारत सन्धिले पनि परियोजना अघि बढाउन बल प्रदान गऱ्यो तर वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता धेरै कारणबाट पञ्चेश्वर बहुद्देश्यीय परियोजना बन्न सक्ने अवस्था छैन । प्राविधिकहरूले पनि ‘टेक्टोनिक जोन’मा संसारको झन्डै दोस्रो अग्लो बाँध बनाउन सम्भव नभएको सुझाव दिइसकेका छन् तर नेपालको नेतृत्व पङ्क्ति भने अझै पनि पञ्चेश्वरको रटान लगाएर बसेको छ । यही प्रलोभनका कारण नेपाली पक्षबाट महाकाली सन्धि पारित गरेर भारतीय स्वार्थलाई पुनः अनुमोदन गरी देशलाई नवउपनिवेशवादी भासमा धकेलिरहेको अवस्थाको आलोचनाले पनि निबन्ध नवउपनिवेशवाद विरोधी चेतनाका दृष्टिले सबल रहेको छ ।

आर्थिक परनिर्भरताको अवस्थालाई हालको स्थितिमा चुलिँदै गएको भारतसँगको व्यापार घाटाको ग्राफले पनि पुष्टि गर्दछ । नेपालमा छिमेकी राष्ट्रसँगको पारवहन सम्झौतामा भएको प्रभुत्वशाली राष्ट्रको वर्चस्वका कारण सीमा क्षेत्रका नागरिकको जनजीवनका साथै वस्तु आयात र निर्यातमा समेत बेला बेलामा सङ्कटहरू सिर्जना हुनु पनि परनिर्भरताका कारण बढ्दै गएको नवउपनिवेशवादी सम्बन्धकै परिणति हो ।

## सन्धिसम्झौताहरुको कार्यान्वयनमा भएको विभेद

दुई राष्ट्रका बिचको आपसी वैमनस्यता हटाई दुवैलाई आपसी लाभ हुने किसिमले गरिएको मेलमिलापपूर्ण वाचाबन्धनलाई नै सन्धिसम्झौता भनिन्छ । त्यसैले यसमा दुवै देशको प्रमुख स्वार्थलाई केन्द्रमा राखिएको हुन्छ र दुवैको जित हुने स्थितिमा मात्र सम्झौता गरिन्छ । सामान्य अवस्थामा कुनै पनि देशले आफ्नो हितको प्रतिकूल हुने गरी सम्झौतालाई अगाडि बढाउँदैन तर भारतसँग गरिएका अधिकांश सम्झौतामा नेपाल हारेको स्थिति छ । यसको प्रमुख कारण भनेको नेपालमाथिको भारतको आर्थिक र राजनीतिक प्रभुत्व नै हो । प्रस्तुत निबन्धमा नेपालको जलस्रोतमाथिको भारतीय अतिक्रमणको कुरूपता देखाउने क्रममा यस्ता सन्धिसम्झौताको कार्यान्वयनमा भएको विभेदको उद्घाटन गरिएको छ । महाकाली जस्तो सीमानदीमा बनेको बाँधको पूर्ण स्वामित्व भारतसँग रहनु, सन् १९२० मा चन्द्रशमशेरले बाँध बनाउने सन्धिमा सम्झौता गरेपछि सन् १९२८ मा निर्माण सम्पन्न भएको र बाँधको पचास वर्षको आयु सन् १९७८ मै सकिएको भए पनि पुनः सन् १९९७ मा असमान किसिमले महाकाली सन्धि पारित हुनु (पृ. ३७) जस्ता विषय निबन्धले सङ्केत गरेका गरिब राष्ट्रमाथिको नवउपनिवेशवादी अतिक्रमणका केही उदाहरण हुन् । महाकाली नदीको पानीका माध्यमबाट नेपालमाथि भारतीय पक्षबाट भएको यस्तो शोषणको स्वरूपलाई निबन्धमा यसरी प्रस्तुत गरिएको छ :

» बाँधको पूर्वपट्टि एउटा निकास थियो । नेपालतर्फ पानी लाने त्यही निकास देखाएर जोशीले भन्नुभयो– "यो बाँध नभत्किउन्जेल यही गेटबाट एक हजार क्युसेक पानी नेपालले पाउँछ। महाकाली एकीकृत सन्धिमा यसको व्यवस्था गरिएको छ तर भारतले कति पाउँछ ? त्यसको उल्लेख सन्धिमा कतै छैन। त्यसबाहेक देखिहाल्नुभयो– पानीको वितरण, बाँधको सञ्चालन गर्ने प्राविधिक तथा सुरक्षाकार्यमा भारतको एकलौटी हात रहेको छ ...महाकाली सन्धि यसमा चुपचाप छ। यसको मतलब त्यही एक हजार क्युसेक पानीमा पनि भारतको निगाह वा दयामायामा भर पर्नुपर्ने भयो । नहरको गेट खोल्ने वा बन्द गर्ने चाबी भारतसित मात्र छ ।" (पृ. ३७)

महाकाली नदीमा भारतीय पक्षबाट निर्मित शारदा बाँधको भौतिक वस्तुस्थिति उद्घाटित यस पङ्क्तिबाट नेपाल र भारतबिचका सम्झौतामा भएको विभेदका कारण भारतीय पक्ष हाबी भएको पुष्टि हुन्छ । सीमा नदीमा बनेको बाँधमाथिको पूर्ण स्वामित्व आफूले हत्याइसकेपछिको भारतीय रवैया र त्यसप्रतिको विरोधको स्वर निबन्धमा यसरी प्रकट भएको छ :

» शारदा बाँधको उत्तरपट्टि पानी जमेर ठुलो ताल परेको थियो । तर ठिक दक्षिणपट्टि महाकालीको उराठलाग्दो बगर शोकमा लम्पसार परेर सुतेको थियो । बाँधको तल नदीमा एक थोपा पनि पानी थिएन ।.... वातावरणीय दृष्टिकोणले पनि त्यहाँ केही पानी बग्न दिनु अनिवार्य हुन्छ होइन र ? गाईबस्तु र चराचुरुङ्गीहरूलाई खान पुग्ने पानी पनि त्यहाँ छैन ।

» त्यसो भए बाँधतल सधैँ यस्तै हुन्छ ?

» सधैँ होइन, बाढी नआएसम्म यस्तो हुन्छ । जब बाढी आउँछ, त्यसपछि बाँधको प्रवाह यतातर्फ लक्षित हुन्छ । अर्थात् पानी भारतलाई बाढी नेपाललाई । ...त्यही नजिकैबाट एउटा ठुलो नहर भारततर्फ बगेको थियो र सिङ्गै महाकाली नदी त्यही नहरमा हुलिएको थियो । ....महाकालीको पानी सबै भारततिर पठाएर कसरी यो नदी साझा भयो र कसरी पानी आधा आधा भयो ? (पृ. ३८)

नेपाल-भारत सीमा क्षेत्रको साझा नदीको पानी आधा आधा हुनुपर्नेमा एकलौटी हुनु अन्तरराष्ट्रिय स्तरमा बलियो देशले आर्थिक उत्पादनमा प्रत्यक्ष असर पार्ने गरी कमजोर देशको प्राकृतिक सम्पदामाथि कायम गरेको आधिपत्य हो । त्यसै गरी शारदा बाँधबाट झन्डै पाँच किलोमिटर उत्तरमा बनेको टनकपुर बाँध पनि भारतको एकल स्वार्थका निम्ति प्रयोग भएको अवस्थाप्रति निबन्धमा विरोध गरिएको छ (पृ. ३९) । नेतृत्वलाई प्रभावित गरेर सन्धिसम्झौतामार्फत वैधानिक रूपबाट नै भारतीय पक्षबाट हुने नेपालको जलस्रोतमाथिको यस प्रकारको व्यवस्थाबाट नेपालमाथिको भारतको नवउपनिवेशवादी दृष्टिकोणको उद्घाटन गरी त्यसको विरोधलाई तार्किक मुखरता प्रदान गर्न प्रस्तुत निबन्ध सफल रहेको छ ।

## सीमा अतिक्रमणको आलोचना

तीनतिरबाट भारतद्वारा घेरिएको नेपालको पूर्व र पश्चिमको सिमाना नदीले छुट्याएको छ भने दक्षिणतिरचाहिँ दसगजा निर्माण गरेर दुई देशका भूगोलको सिमाना कोरिएको छ । सीमा नदीले बेला बेलामा बहावको धार परिवर्तन गर्ने गरेका कारण ती क्षेत्रमा सीमासम्बन्धी विवाद कायमै छ । दशगजा क्षेत्रमा पनि सीमास्तम्भ वारिसम्मै भारतीय पक्षबाट अतिक्रमण भइरहेको छ । नेपालको करिब ६०६ वर्गकिलोमिटर भूभागमा विवाद रहेको नापी विभागका पूर्वमहानिर्देशक तथा सीमाविद् बुद्धिनारायण श्रेष्ठले बताउँदै आएका छन् । उनका अनुसार कालापानी, लिपुलेक र लिम्पियाधुरामा ३७२ वर्गकिलोमिटर, गण्डक क्षेत्रमा अवस्थित सुस्तामा १४५ वर्गकिलोमिटर र बाँकी ६९ ठाउँको ८९ वर्गकिलोमिटर जति नेपालको भूभाग भारतीय पक्षबाट अतिक्रमणमा परेको छ (राउत, २०७७) । प्रस्तुत निबन्धमा शारदा बाँधको अवलोकन गर्न पुगेका निबन्धकार सुरुमै बाँधको सुरक्षार्थ नेपाली भूमिमा बनेको भारतीय चौकी र त्यहाँका सैनिकसँग ठोक्किन पुगेका छन् । नेपाली सैनिक तैनाथ गरिनुपर्ने स्थानमा भारतीय उपस्थिति देखेपछिको उनको सवालको जवाफ दिने क्रममा भोजराज जोशीले बताएको वास्तविकता यस्तो छ– “यो बाँध निर्माण भएको पूरै क्षेत्र भारतीय भूमिमा पर्छ । पहिले यो भूमि नेपालको थियो । सन् १९१३ अघि महाकालीले आफ्नो बाटो बदल्यो र यहाँबाट बग्न थाल्यो । चाँदनी र दोधारा महाकाली पश्चिममा पर्न गए । त्यसै बेला भारत सरकारले चन्द्रशमशेरसित यो जग्गा लियो” (पृ. ३७) । यसमा महाकाली नदीमा शारदा बाँध बनेपछि त्यसको सुरक्षार्थ नेपाली भूमिमा भारतीय सैनिकचौकी राखिएको जस्ता निबन्धका सन्दर्भले पनि भारतीय पक्षबाट नेपाली भूमि अतिक्रमणमा परेको कुरालाई नै महत्त्वका साथ उठाएको प्रस्ट हुन्छ । भारतसँग सन्धिसम्झौता गर्ने क्रममा नेपाल पक्षबाट यस किसिमको सीमा अतिक्रमणको समाधान खोज्नुको साटो भारतीय प्रलोभनमा परेर देशलाई नवउपनिवेशको दलदलमा फँसाउन खोजेको वास्तविकताको आलोचनालाई “सीमाविवादको समाधान कता गयो ? महाकालीको उद्गम स्रोतको किटानी गर्ने सवाल कता पुऱ्याइयो ? कालापानीबाट फौज हटाउने कुरा महाकाली सन्धि गर्नुअघि समाधान गर्न सकिन्नथ्यो ?” (पृ. ४०) तथा महाकाली सन्धिको कार्यदलमा रहेका नेताहरूले भारतका निम्ति काम गरेको (पृ. ४१), भन्ने निबन्धका सन्दर्भले पनि प्रखर बनाएका छन् । यहाँ उल्लेख गरिएको सीमाविवादले कालापानी, लिपुलेक, लिम्पियाधुरा, सुस्तालगायतका क्षेत्रमा भएको नेपाली भूभागको भारतीय अतिक्रमणलाई बुझाएको छ । नेपाल भारतको पश्चिमी सिमाना लिम्पियाधुरा मुहान भएको शारदा (महाकाली) नदी हो तर जोलिङ्कङ ग्लेसियरबाट बगेको हिमपानी शारदा नदीको पार्वती (गौरी) कुण्डमा मिसिने ऐतिहासिक तथ्यलाई ढाकछोप गर्न भारतले कालापानी भन्ने ठाउँमा मानवनिर्मित पार्वती ताल र पार्वती मन्दिर खडा गरेर त्यही कृत्रिम तालबाट बग्ने पानीलाई महाकालीको उद्गम भनेर निकालेको विवाद (खतिवडा, २०७७) लाई नै निबन्धमा महाकालीको उद्गम स्रोतको किटानी गर्ने सवालका रूपमा उठाइएको छ । त्यसै गरी कालापानीबाट फौज हटाउने सन्दर्भले पनि भारतीय पक्षबाट भएको नेपालको कालापानी क्षेत्रको भूमि अतिक्रमणको वास्तविकता उजागर गरेको छ । सन् १९६२ को चीनसँगको युद्धमा पराजित भएपछि भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले राजा महेन्द्रसँग अनुमति मागेर रणनीतिक महत्त्वको क्षेत्रका रूपमा रहेको

कालापानीमा भारतीय सैनिक पोस्ट राखेका थिए । २०२६ सालमा नेपालका उत्तरी भेगमा रहेका त्यस्ता केही चेक पोस्ट हटाइए पनि नेपालमा रहेका भारतीय फौजलाई भने कालापानीमा केन्द्रित गरिएको थियो (दहाल, सन् २०२२) र अहिले पनि सो क्षेत्र भारतकै अधीनमा छ । यसरी भारतीय ज्यादतीका सामु राज्य नै नदेखेको जस्तो गरेर निरीह बन्नु भनेको राजनीतिक रूपले शक्तिशाली मानिएको मुलुक र नेपालजस्तो कमजोर राष्ट्रको विषम आर्थिक सम्बन्धको परिणति हो; ठुलो भनिने राष्ट्रको सानो र कमजोर राष्ट्रमाथिको आर्थिक उपनिवेशको रणनीति हो र भारतको नेपालप्रतिको यस्तो नवउपनिवेशवादी रवैवाको विरोधलाई नै निबन्धले बढी महत्त्व दिएको छ ।

## निष्कर्ष

नारायण ढकालको शोकमग्न यात्रीहरू कृतिमा सङ्गृहीत 'महाकालीको तिस घण्टा र शोकमग्न यात्रीहरू' निबन्धको नवउपनिवेशवाद विरोधी चेतना महाकाली नदीमा बनेका शारदा बाँध र टनकपुर बाँधको वस्तुस्थितिको स्थलगत अवलोकन र नेपालले भारतसँग गरेको महाकाली सन्धिका आत्मघाती प्रावधानहरूको अध्ययनबाट देखेको विषमता र त्यहाँको स्थानीयको जीवनशैलीप्रति संवेदनशील बन्न नसकेको राजनीतिक नेतृत्वको बेइमानीको तर्कपूर्ण आलोचनाबाट प्रकट भएको छ । प्रस्तुत अध्ययनमा कृति विश्लेषणका लागि निर्धारण गरिएका चार ओटा सङ्केतकहरूमध्ये विकासका पूर्वाधार निर्माणमा भारतीय हस्तक्षेपले विस्तारवादी कूटनीतिका साथ भारतले नेपालमा सहयोग गर्ने बहानामा हरेक कार्यमा हस्तक्षेप गर्दै आएको वास्तविकताको आलोचना गरिएको छ । सडक र पुल निर्माणमा समेत हस्तक्षेप गरेर ठेक्का रद्ध गर्न लगाएको भारतीय सन्दर्भले स्थानीय जनताको जीवनशैली कष्टकर बनेको देखाउँदै भारतको नवउपनिवेशवादी चरित्रका विरुद्धको चेतना विस्तारमा पनि यो प्रभावकारी देखिएको छ । यसमा भारतसँगको नेपालको परनिर्भरतालाई चाहिँ विशेष गरी विद्युत आयात र जलविद्युत उत्पादनको लगानीमा भारतको मुख ताक्ने पराश्रित प्रवृत्ति उद्घाटन गरिएको छ, जसमा वातावरणीय प्रभावलाई बेवास्ता गरिँदै आएको पुँजीवादी व्यवहारप्रतिको असहमति प्रकट भएको छ । सन्धिसम्झौताहरूको कार्यान्वयनमा भएको विभेदका कोणबाट हेर्दा निबन्ध नेपालका नदी र जलस्रोतमाथिको भारतीय अतिक्रमणको कुरूपता देखाउन तथा सन्धिमार्फत वैधानिक रूपबाटै नेपालका नदीमाथि भारतले कायम गरेको एकलौटी अधिकारका विरुद्धको चेतना विस्तार गर्न सक्षम रहेको देखिन्छ । सीमा अतिक्रमणको आलोचनालाई यसमा भारतले सुरक्षा चौकी स्थापना गरेर, सीमा नदीको मुहानमा विवाद निकालेर तथा नदीले धार परिवर्तन गर्दा पारितिर परेको नेपाली भूभाग कब्जा गरेको सन्दर्भबाट प्रगाढ बनाइएको छ । त्यसैले निबन्ध उपर्युक्त राजनीतिक सन्दर्भहरूको तार्किक विन्यासद्वारा नेपाल र भारतका बिचको राजनीतिक सम्बन्ध सद्भाव र सहयोगमा भन्दा विस्तारवादी दाउपेच, आर्थिक शोषण एवम् कुटिल सौदाबाजीमा आधारित रहेको कुरालाई संवेदनशील ढङ्गले पुष्टि गर्न सफल रहेको छ । यसरी प्रस्तुत निबन्धले नेपाल जस्तो अल्पविकसित देशको अर्थतन्त्रलाई प्रभावित गर्दै यसलाई आफ्नो प्रभुत्वमा राख्ने भारतीय रणनीति उजागर गरेर उसको नेपालमाथिको नवउपनिवेशवादी नीतिलाई प्रस्ट पारेको छ । मूल विचारलाई नवउपनिवेशवादको विरोधमा केन्द्रित गर्नका लागि गरिएको विकासका पूर्वाधार निर्माणमा भारतीय हस्तक्षेप, भारतसँगको नेपालको परनिर्भरता, सन्धिसम्झौताको कार्यान्वयनमा भएको विभेद तथा सीमा अतिक्रमणको आलोचनाका दृष्टिकोणबाट विश्लेषण गर्दा प्रस्तुत निबन्ध नेपालमाथिको भारतीय नवउपनिवेशवादी नीतिको उद्घाटन, त्यसको तथ्यपरक र आलोचनात्मक प्रसार एवम् वैचारिक सहमतिका लागि अपनाइएका संवेदनशील राजनीतिक तर्कको सौन्दर्यपरक अभिव्यक्तिले पनि नवउपनिवेशवाद प्रतिरोधी चेतना प्रकटीकरणका कोणबाट प्रभावकारी ठहर्दछ ।

## सन्दर्भ सामग्रीसूची


कुर्माह, क्वाम (सन् १९६५), *नियोकोलोनियलिजम्: द लास्ट स्टेज अफ इम्पेरियलिजम्,* न्यू योर्क: इन्टरनेसनल पब्लिसर्स ।

खतिवडा, लक्ष्मीप्रसाद (२०७७), *यसरी प्रभाणित हुन्छ महाकाली नदी नै पश्चिमी सीमा भएको नेपाली तथ्य,* https://www.himalkhabar.com/news/115844

ढकाल, नारायण (२०५६), *शोकमग्न यात्रीहरू,* काठमाडौँ : सिर्जना चैत्र ३ ।

ढकाल, नारायण (२०५६क). *नारायण ढकाल : व्यक्ति र विचारहरू* (गोविन्द वर्तमानसितको वार्ता), शोकमग्न यात्रीहरू (ले. नारायण ढकाल) मा सङ्कलित. काठमाडौँ : सिर्जना चैत्र ३, पृ. १०४–११९ ।

थपलिया, उषा (२०८०). *नवउपनिवेशवादको सलबलाहट,*

https://ekantipur.com/bibidha/2024/02/15/the-confusion-of-neocolonialism-41-12.html

दहाल, फणीन्द्र (सन् २०२२), *नेपाल भारत सीमाविवाद : कालापानी लिपुलेक र लिम्पियाधुरा क्षेत्रबारे वार्ता गर्न भारत किन अनिच्छुक ? कहिले भेटिएला समाधान ?.*

https://www.bbc.com/nepali/news-60116091

पाठक, युग (२०७४), *माङ्गेना नेपाल मन्थन,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

भाभा, होमी के. (सन् १९९४), *द लोकेसन अफ कल्चर,* लन्डन : रुटलेज ।

राउत, कुमार (२०७७). *भारतद्वारा ६०६ वर्ग किमि नेपाली भूमि अतिक्रमण :* सीमाविद्,

https://rajdhanidaily.com/id/13314/

लुइँटेल, हरिगोविन्द (२०५६), *कथाकारले लेखेका कवितात्मक निबन्धहरू पढ्दा, शोकमग्न यात्रीहरू* (लेखक, नारायण ढकाल), काठमाडौँ : सिर्जना चैत्र ३ ।

सइद, एडवार्ड (सन् १९९४), *कल्चर यान्ड इम्पेरियलिजम्,* न्यू योर्क : भिन्टेज बुक्स ।क

सार्त्र, जाँ-पल (सन् २००६), *कोलोनियलिजम् यान्ड नियोकोलोनियलिजम्,* लन्डन : रुटलेज ।